# कमलामाई नगरपालिकाको विनियोजन ऐन, २०७५

कमलामाई नगरपालिका नगरकार्यपालिकाको कार्यालय सिन्धुली

३ नं.प्रदेश नेपाल

२०७५

<u>कमलामाई नगरपालिकाको विनियोजन ऐन २०७४</u>

**कमलामाई नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः ..............................

**प्रस्तावनाः** कमलामाई नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप –धारा (२) बमोजिम कमलामाई नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम “ कमलामाई नगरपालिकाको विनियोजन ऐन , २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १०२८६०७०००। (अक्षेरुपी एक अर्ब दुई करोड छयासी लाख सात हजार रुपैया ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त कमलामाई नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज

भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) दफा (२) मा उल्लेख भएको रकम भन्दा बाहेक न.पा. क्षेत्र भित्र कुनै नयाँ आर्थिक स्रोतको पहिचान भइ संघिय सरकार, प्रदेश सरकार वा अन्य कुनै संघ संस्था वा निकायबाट (बैदेशिक सहयोग समेत) थप रकम प्राप्त भएमा तत्काल नगर सभा बैठक बस्ने अवस्था नभएमा कार्यपालिकाबाट उक्त रकम संचित कोषमा दाखिला गरी कार्यक्रम बनाइ खर्च गर्ने व्यवस्था मिलाइने छ ।यसरी प्राप्त थप रकम र सो को कार्यक्रम त्यसपछि बस्ने नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | १२८०५०००० | २९४५९७००० | | ४२२६४७००० |
| २ | | वडा समिति | १७०००००० | २१०००००० | | २२७०००००० |
| ४ | | विषयगत समिति/ शाखा | ३५०००००० | | | ३५०००००० |
| ५ | | सर्सत अनुदान लगायत अन्य अनुदान | ५४८२६०००० | | | ५४८२६०००० |
| ६ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ७ | | लगानी (शेयर/ऋण) | | | | |
| जम्मा | | | ७१३०१०००० | ३१५५९७००० | | १०२८६०७००० |